# धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
(शिक्षा, युवा तथा खेलकुद शाखा)

मुड्खेल्छाप, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल

प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०६/२७

**प्रधानाध्यापक पदमा नियुक्तिका लागि दरखास्त आह्वान सम्बन्धी सूचना।**

यस धर्मदेवी नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा प्रधानाध्यापक छनोट तथा नियुक्ति हुन बाँकी रहेका विद्यालयहरूमा प्रचलित शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम ९३ बमोजिम प्रधानाध्यापक नियुक्ति गर्नुपर्ने भएकाले तोकिएको न्यूनतम शैक्षिक योग्यता तथा अन्य आवश्यक योग्यता पूरा गरेका इच्छुक स्थायी शिक्षकहरूबाट विद्यालय विकास प्रस्तावसहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दरखास्त पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**(१) पदसम्बन्धी विवरण**

**क. पदः** प्रधानाध्यापक

**ख. तहः** आधारभूत तह (कक्षा १–५), आधारभूत तह (कक्षा ६–८) तथा माध्यमिक तह (९-१२)

**ग. पद सङ्ख्या रिक्त रहेका विद्यालयहरुः**

| क्र.स. | पद रिक्त रहेको विद्यालय | ठेगाना | सञ्चालित तह | पद सङ्ख्या |
|---|---|---|---|---|
| १. | श्री चामुण्डे माध्यमिक विद्यालय | धर्मदेवी न.पा.-२ | १-१२ | १ |
| २. | श्री सिंहेश्वरी माध्यमिक विद्यालय | धर्मदेवी न.पा.-३ | १-१० | १ |
| ३. | श्री भगवती माध्यमिक विद्यालय | धर्मदेवी न.पा.-९ | १-१० | १ |
| ४. | श्री आधारभूत विद्यालय, फाक्सी | धर्मदेवी न.पा.-६ | १-८ | १ |
| ५. | श्री सिंहदेवी आधारभूत विद्यालय | धर्मदेवी न.पा.-२ | १-५ | १ |
| ६. | श्री गौतम बुद्ध आधारभूत विद्यालय | धर्मदेवी न.पा.-१ | १-३ | १ |
| ७. | श्री नागेश्वरी आधारभूत विद्यालय | धर्मदेवी न.पा.-५ | १-३ | १ |
| ८. | श्री देवी दर्शन आधारभूत विद्यालय | धर्मदेवी न.पा.-९ | १-३ | १ |
| ९. | श्री सिद्धदेवी आधारभूत विद्यालय | धर्मदेवी न.पा.-८ | १-३ | १ |

**घ. पदावधिः** पाँच वर्ष

**ङ. दरखास्त पेस गर्ने स्थानः** सम्बन्धित विद्यालय

**२. आवश्यक न्यूनतम शैक्षिक योग्यता**

- **आधारभूत तह (कक्षा १–५) र कक्षा ६-८):** सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकहरूमध्ये स्नातक तह उत्तीर्ण शिक्षक। साथै, नियम ९३ को उपनियम (२) को प्रतिबन्धात्मक व्यवस्था बमोजिम शिक्षाशास्त्र विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी पाँच वर्ष स्थायी सेवा गरेको शिक्षक समेत उम्मेदवार हुन पाउने छ।
- **माध्यमिक तह (कक्षा ९-१२):** सम्बन्धित विद्यालयको माध्यमिक तहमा कार्यरत स्थायी शिक्षकमध्ये स्नातकोत्तर तह उत्तीर्ण शिक्षक। साथै, नियम ९३ को उपनियम (२) को प्रतिबन्धात्मक व्यवस्था बमोजिम शिक्षाशास्त्र विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी पाँच वर्ष स्थायी सेवा गरेको शिक्षक समेत उम्मेदवार हुन पाउने छ।
- सम्बन्धित विद्यालयको सम्बन्धित तहमा स्थायी शिक्षक कार्यरत नरहेको अवस्थामा नियम ९३ को उपनियम (२ को क) बमोजिम स्थानीय तह भित्रका अन्य विद्यालयमा कार्यरत सम्बन्धित तहका स्थायी शिक्षक साथै स्थानीय तह भित्र

प्रकाश गुरुङ

प्रमुख प्रशासकीय अधिकृत

सम्बन्धित तहमा समेत स्थायी शिक्षक कार्यरत नरहेको अवस्थामा जिल्लाभित्रका सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकहरु मध्येबाट दरखास्त पेस गर्न सकिने छ।

- उम्मेदवारले आफू उम्मेदवार हुन चाहेको तहका लागि प्रचलित नियमावलीले तोकेको शैक्षिक योग्यता, स्थायी सेवा अवधि तथा अन्य आवश्यक सर्तहरू पूरा गरेको हुनुपर्ने छ।

**३. दरखास्त पेस गर्ने प्रक्रिया**

(क) इच्छुक योग्य शिक्षकले अनुसूची–१३ 'क' बमोजिमको ढाँचामा विद्यालय विकास प्रस्ताव तयार गरी दरखास्त साथ पेस गर्नुपर्ने छ।

(ख) दरखास्तमा आफू उम्मेदवार हुन चाहेको तह स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने छ।

(ग) दरखास्त सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सम्बन्धित विद्यालयमा पेस गर्नुपर्नेछ।

(घ) म्याद नाघी प्राप्त भएका वा आवश्यक कागजात नपुगेका दरखास्तउपर प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ।

**४. दरखास्तसाथ पेस गर्नुपर्ने आवश्यक कागजातहरू**

- सम्बन्धित शिक्षकको निवेदन।
- अनुसूची–१३ 'क' बमोजिम तयार गरिएको विद्यालय विकास प्रस्ताव।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- आवश्यक न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्र तथा ट्रान्सक्रिप्टका प्रतिलिपिहरू।
- स्थायी नियुक्तिपत्रको प्रतिलिपि।
- हाल कार्यरत विद्यालय, तह, श्रेणी तथा पद खुल्ने प्रमाणित कागजातहरु।
- सम्बन्धित विद्यालय भन्दा अन्यत्र विद्यालयमा कार्यरत रहेको अवस्थामा विद्यालय व्यवस्थापन समितिको निर्णय र विद्यालयको सिफारीस पत्र।
- स्थायी सेवा अवधि खुल्ने सेवा प्रमाणित पत्र।
- शैक्षिक तथा पेसागत तालिम र अनुभव सम्बन्धी प्रमाणपत्रका प्रतिलिपिहरू।

**५. उम्मेदवारको मूल्याङ्कन तथा छनोट प्रक्रिया**

(क) प्राप्त दरखास्त तथा विद्यालय विकास प्रस्ताव सम्बन्धित व्यवस्थापन समिति मार्फत शिक्षक छनोट समितिमा पठाइनेछ।

(ख) शिक्षक छनोट समितिले नियम ९३ को उपनियम (५) तथा अनुसूची–१३ मा उल्लिखित आधार अनुसार उम्मेदवारको मूल्याङ्कन हुने छ।

(ग) मूल्याङ्कनबाट सबैभन्दा बढी अङ्क प्राप्त गर्ने र कम्तीमा ६० अङ्क प्राप्त गरेको उम्मेदवारलाई प्रधानाध्यापक पदमा नियुक्तिका लागि व्यवस्थापन समिति समक्ष सिफारिस गरिने छ।

(घ) कुनै पनि उम्मेदवारले कम्तीमा ६० अङ्क प्राप्त नगरेमा नियमावली बमोजिम आवश्यक प्रक्रिया अवलम्बन गरिने छ।

............................
प्रकाश गुरुङ
प्रमुख प्रशासकीय अधिकृत

प्रकाश गुरुङ
प्रमुख प्रशासकीय अधिकृत